मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
Madan Bhandari Academy of Health Sciences
(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७८ अन्तर्गत स्थापित)
बागमती प्रदेश, हेटौंडा
............. को कार्यालय

पत्र संख्या :-
चलानी नं. :-
सूचना नं : ३५

मितिः २०८२/०८/२९

विषयः हाजिरी र बिदा सम्बन्धमा ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (शिक्षक सेवा, सर्त र सुविधा ) नियमावली २०७७ प्रध्यापन करार पदपुर्ति व्यवस्थापन सम्बन्धि कार्यविधि २०७८ र प्रचलित कानुन बमोजिम नियमित हाजिरी र विदा सम्वन्धमा स्मरण गराउदै यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

- शिक्षकले निर्धारित समयमा नियमित रुपमा प्रतिष्ठानको सम्वन्धित कार्यालयमा उपस्थित भइ हाजिर गरि तोकिएको अवधिभर कार्य सम्पादन गर्नुपर्नेछ।
- निर्धारित समयमा नआउने र पुरा समय कार्यकक्षमा नबस्ने शिक्षकलाई सम्वन्धित विभागिय प्रमुखले गयल बनाई डीन कार्यालयमा जानकारि गर्नुपर्नेछ।
- प्रतिष्ठान अन्तर्गतका सबै कर्मचारीले प्रतिष्ठानको दैनिक कार्यलाई असर नपर्ने गरी पूर्व स्वीकृती लिएर मात्र बिदामा बस्नुपर्नेछ ।
- बिरामी बिदा ७ दिन भन्दा बढि बस्नुपरेमा चिकित्सकको प्रेषण पुर्जी (Prescription) आवश्यक पर्नेछ, अन्यथा बिदा स्वीकृत गर्न बाध्य हुनेछैन र अस्वीकृत विदा प्रतिष्ठानको नियमानुसार बेतलबी हुनेछ।
- प्रतिष्ठान अन्तर्गतका प्राज्ञिक कर्मचारीहरु, शिक्षकहरु र प्राज्ञिक चिकित्सकहरु विदामा बस्नका लागि सम्बन्धित विभागिय प्रमुखको पूर्व स्वीकृति आवश्यक पर्नेछ, त्यसैगरी विभागिय प्रमुख विदामा बस्नुपरेमा अन्तर्गत विभागको व्यक्तिलाई नि. विभागिय प्रमुखको जिम्मेवारी दिएर सो सम्बन्धी जानकारी डीनलाई गराई बिदाको पूर्व स्वीकृति डीन समक्ष लिनुपर्नेछ।
- बिदाको फाराम भर्दा बिदामा बस्ने दिनहरुका लागि आफ्नो कार्यमा अवरोध सिर्जना हुन नदिन जिम्मेवारी वहन गर्ने कर्मचारी शिक्षक / प्राज्ञिक चिकित्सकहरुको नाम स्पष्ट रुपमा भरी सम्बन्धित विभागिय प्रमुखको पूर्व स्वीकृति लिई जिम्मेवारी वहन गर्ने कर्मचारीको सहमती लिएर विदामा बस्नुपर्नेछ साथै डीन र प्राज्ञिक प्रशासनमा ईमेल मार्फत अनिवार्य जानकारि दिनुपर्नेछ।
- ५ दिन सम्मको बिदा सम्बन्धित विभागको विभागिय प्रमुखले दिन सक्नेछ। आफ्नो विभागिय प्रमुखले आफ्नो विभगका मातहतमा रहेका सम्पुर्ण शिक्षकहरुको सम्पुर्ण गतिविधिको जवाफदेहिता हुनु पर्नेछ। विदा दिदाँ नियमित पठनपाठनमा वाधा नपुग्ने व्यवस्था विभागिय प्रमुखले मिलाउनु पर्नेछ।

मुख्य कार्यालयः हेटौडा-१०, टि.सि.एन रोड, मकवानपुर
Headoffice:- Hetauda-10, TCN Road, Makawanpur
Phone No.: +977-057-520389
Email: info@mbahs.edu.np, Website: www.mbahs.edu.np

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

## Madan Bhandari Academy of Health Sciences

(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ अन्तर्गत स्थापित)

बागमती प्रदेश, हेटौंडा

.................को कार्यालय

पत्र संख्या :-

चलानी नं. :-

सूचना नं: ३५.

- कार्यस्थलबाट प्रतिष्ठानको अन्य कार्यमा जानुपर्दा लगवुक अनिवार्य रुपमा भर्नुपर्ने छ।
- कार्यस्थलमा प्रतिष्ठानले तोकेको पोषाक अनिवार्यरुपमा लगाउनु पर्ने छ।
- ५ दिनभन्दा बढि बिदामा बस्नुपरेमा डीनको पूर्वस्वीकृति आवश्यक पर्ने छ ।
- विदाको फाराम भरेर सबै प्रक्रिया पुरा गरे पश्चात सम्बन्धित विभागको प्राज्ञिक प्रशासनमा बुझाउनुपर्नेछ। पुनश्चः (प्रक्रिया पुरा नगरी विदा बसेको दिन हरु डीन कार्यालयबाट स्वीकृत नहुने हुँदा उक्त दिन/हरुको बिदालाई बेतलवी बिदामा गणना गरिनेछ, प्रतिष्ठानको कार्यलाई अवरोध हुने गरी बिदा दिइनेछैन)

..............................

सह-प्रा.डा इन्दिरा अधिकारि पौडेल

डीन

श्री सूचना प्रविधि शाखा, सूचना प्रकाशन गरिदिनुहुन।